**बैजनाथ गाउँपालिका**

# बैजनाथ राजपत्र

**खण्ड : ०४ संख्या : ०२ भाग : ०२ प्रकाशित मिति : २०७७/०९/२१**

## बैजनाथ गाउँपालिकामा लैङ्गिक हिंसामा परेका महिलाहरुका लागि राहत कोष सञ्चालन निर्देशिका २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०९/१०

प्रस्तावनाः

लैङ्गिक हिंसा पीडित तथा प्रभावित व्यक्तिहरुको उद्दार तथा राहत वितरण गर्न वाञ्छनीय भएकोले बैजनाथ गाउँपालिकाको गाउँ कार्यपालिकाको वैठकले स्थानीय सरकार सचालन ऐन २०७४ को दफा (१०२) को उपदफा (२) बमोजिम यो निर्देशिका बनाई जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो निर्देशिकाको नाम "बैजनाथ गाउँपालिकामा लैङ्गिक हिंसामा परेका महिलाहरुका लागि राहत कोष सञ्चालन निर्देशिका २०७७" हुनेछ ।

(ख) यो निर्देशिका बैजनाथ गाउँ कार्यपालिकाको बैठकबाट स्विकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "कार्यालय" भन्नाले बैजनाथ गाउँपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले लैङ्गिक हिंसामा परेका महिलाहरुका लागि राहत कोष भन्ने सम्झनु पर्छ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) "राहत समिति" भन्नाले नियम ८ बमोजिम गठन भएको राहत समिति सम्झनु पर्छ ।

(ङ) "लैङ्गिक हिंसा" भन्नाले घरेलु हिंसा, यौनजन्य हिंसा, दुर्व्यवहार, सामाजिक कुरितिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्दछ ।

३. स्थापनाः

१) लैङ्गिक हिंसामा परेका महिलाहरुको लागि राहत कोष नामको एक कोष स्थापना गरिनेछ ।

२) कोषमा देहाय बमोजिमको रकमहरु रहने छः

(क) गाउँपालिकाले बार्षिक रुपमा कोषको लागि विनियोजन गरेको रकम,

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त रकम,

(ग) नेपाल सरकारका केन्द्रिय तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(घ) राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरुबाट प्राप्त रकम,

(ङ) स्वदेशी वा विदेशी कुनै व्यक्तिबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

३) उपनियम १ बमोजिमको रकम बैजनाथ गाउँपालिका भित्र रहेका गाउँपालिकाले तोकेको कुनैपनि वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

४. कोषको खाताको सञ्चाल

हिंसा पीडित तथा प्रभावितहरुका लागि राहत कोषको खाता सञ्चालनका लागि बैजनाथ गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखत बाट खाता सञ्चालन गरिनेछ ।

५. कोषको रकम खर्च गर्ने विधि

हिंसा पीडित तथा प्रभावितहरुका लागि राहत कोषको रकम राहत समितिले गरेको निर्णयका आधारमा मात्र खर्च गरिनेछ ।समितिले निश्चित रकम सम्म सोझै भुक्तानी दिने गरी प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन समेत गर्न सक्नेछ ।

६. कोषको उपयोगः

कोषको रकम देहायको कामको लागि पीडित/प्रभावितलाई उपलब्ध गराउन उपयोग गरिनेछः

क) तत्काल उद्दार गर्न,

ख) औषधी उपचार गर्न,

ग) कानूनी सहायता मिलाउन,

घ) मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

ङ) पुर्नस्थापना गराउन,

च) यातायात खर्च,

छ) कुनै व्यवसाय गर्नका लागि विउ पुँजीको रुपमा प्रदान गर्न,

ज) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा ।

७. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः

कोषको रकम नियम ६ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।यदि सहयोगको रकम अन्यत्र खर्च भएको पुष्टिहुन आएमा उक्त रकम राहत कोष सञ्चालक समितिले कोषमा फिर्ता गराउन सक्नेछ ।

८. राहत समितिको गठनः

१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि गाउँपालिकामा देहाय बमोजिममको राहत समिति रहनेछ

२) राहत समितिको गठन देहाय बमोजिम हुनेछः

१. गाउँपालिकाको अध्यक्ष - संयोजक

२. न्यायीक समितिको संयोजक - सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

४. सामाजिक विकास समिति संयोजक - सदस्य

५. स्वास्थ्य शाखा प्रमुख - सदस्य

६. गाउँपालिकाभित्र रहेको स्थानीय प्रहरी प्रमुख - सदस्य

७. कानुनी सल्लाहाकार वा कानून शाखा वा न्यायिक इकाई प्रमुख - सदस्य

८. लैङ्गिक हिंसाको क्षेत्रमा कार्यरत जिल्ला स्थित वा गाउँपालिकाभित्र रहेका गैससहरु मध्येबाट १ जना - सदस्य

९ महिला मानवअधिकार रक्षकहरुको गाउँपालिका स्तरीय संजालको १ जना - सदस्य

१०. गाउँपालिका स्तरीय सुरक्षित अवास गृहमा प्रतिनिधि - सदस्य

११. महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य-सचिव

माथि उल्लेख गरिए भन्दा बाहेक आवश्यकता अनुसार समितिको आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

३) राहत समितिको सचिवालय गाउँपालिकाको कार्यालयमा रहने छ ।

९. सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने,

(ग) गाउँपालिका स्तरमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्था तथा निकायको बिच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा अन्त्यका लागि समुदाय स्तरमा जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने तथा हिंसा प्रभावितहरुका लागि जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गर्ने,

(ङ) राहतकोष बृद्धिका लागि विभिन्न रचनात्मक क्रियाकलापहरु सञ्चालन गर्ने,

(च) राहतकोष बृद्धिको लागि संघसंस्था, सहकारी, दातृ निकाय तथा अन्य निकायहरुसंग समन्वय र सहकार्य गर्ने,

(छ) राहतकोषको बारेमा समुदायस्तर सम्म सूचना पुऱ्याई हिंसा पीडितहरुका लागि अधिकतम प्रयोग गर्ने ।

१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः

१) यस निर्देशिका बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछः

(क) पीडितलाई तत्काल उद्दार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्दा सामान्य प्रकृतिका घटनाहरुमा सार्वजनिक यातायातमा लाग्ने खर्च र गम्भीर प्रकृतिका घटनामा यातायातको साधन रिजर्भ गरी लाने गरी बढिमा रु. ७०००। सम्म उपलब्ध गराउने। साथै सो कार्यका लागि पीडित र उद्धारमा जानेहरुका लागि खाना खाजा वापत प्रतिव्यक्ति रु. ३००। उपलब्ध गराउने । यस्तो रकम एउटा घटनामा बढिमा ३ जना सम्मलाई उपलब्ध गराउने ।

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा सामान्य प्रकृतिका घटनामा सार्वजनिक यातायातको साधनमा लाग्ने खर्च, खाना खर्च वापत प्रतिदिन रु. ३००।, बिरामीको लागि कुरुवा राख्नु पर्ने भएमा १ जना कुरुवाको लागि खाना खर्च वापत प्रतिदिन रु. ३००। र यातायात खर्च उपलब्ध गराउने । गम्भिर प्रकृतिको घटनामा एम्बुलेन्सको भाडा उपलब्ध गराउने । निशुल्क उपचारका लागि स्वास्थ्य संस्थासंग समन्वय गर्ने ।

(ग) कानूनी सहयताका लागि सामान्य उजुरी लेख्नका लागि रु. १०००। र जाहेरी लेख्नका लागि बढिमा रु. ३०००। सम्म उपलब्ध गराउने र कानून व्यवसायी राख्नुपर्ने भएमा समितिले बारएसोसिएसन र जिल्ला अदालतमा वैतनिक वकिलका लागि सिफारिस गर्ने ।

(घ) हिंसा पीडित महिलाहरुको पुर्नस्थापनाका लागि बढिमा १० दिन सम्मको खाना, खाजा र वासको लागि लाग्ने खर्चको लागि जम्मा रु. ५०००। रकम उपलब्ध गराउने । पीडितका लागि लत्ता कपडा समेत आवश्यक देखिएमा सामान्य २ जोर कपडा खरिदका लागि बढिमा रु. २५००। उपलब्ध गराउने । पुर्नस्थापनामा राखिएका हिंसा पीडित महिलाहरुका लागि

घटनाको प्रकृति अनुसार नियम १० (१) को क, ख र ग मा तोकिएको रकम पनि उपलब्ध गराउने ।

(ङ) पीडितलाई लामो समयको लागि पुर्नस्थापना गर्नुपर्ने भएमा अन्य स्थानमा रहेका सरकारी तथा सरकारी मान्यता प्राप्त गैरसरकारी संस्थाबाट सञ्चालन गरिएका सुरक्षित आवास गृह सम्म लानका लागि सार्वजनिक यातायातमा लाग्ने यातायात, खाना र बास बस्नु पर्ने भएमा १ रात बराबरको रकम पीडित, पीडितको आफन्त १ जना र समन्वय गर्ने संस्थाको तर्फबाट १ जना गरी ३ जनाको लागि उपलब्ध गराउने । यो रकम उपलब्ध गराउँदा समन्वय गर्ने संस्थाले पेश गरेको बिल अनुसार को रकम समितिको निर्णय अनुसार उपलब्ध गराउने ।

(च) हिंसाबाट पीडित वा प्रभावित भई जीविकोपार्जनका निमित्त अरु कुनै विकल्प नभएका महिलाहरुलाई आयआर्जनका निमित्त विउ पुँजि अनुदान स्वरुप बढिमा एकमुष्ठ रु. २००००। यसै कोषबाट उपलब्ध गराउने ।

(दफा नं. १० को स्पष्टताः दफा नं. १० मा भनिए बमोजिम हिंसा पीडित महिलाहरुका लागि उपलब्ध गराइने राहत रकम १ जनालाई घटनाको प्रकृती आवश्यकता हेरेर सबै विषयमा समेत उपलब्ध गराउन सकिनेछ)।

११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्ने प्रकृयाः

(क)यस निर्देशिका बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा पीडितलाई सहयोग प्रदान गर्ने संस्थाले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाइ अनसुचि १ बमेजीम कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(ख)उपनियम (क) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडित वा सहयोग गर्ने संस्थालाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा राहत समितिले नियम १० को अधिनमा रही आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

(ग) आकस्मीक घटनाका पीडिहरुका लागि राहत उपलब्ध गराई पाउँ भनि निवेदन दिएको बढिमा २४ घण्टाभित्रमा सो रकम उपलब्ध गराइनेछ ।

(घ) आकस्मीक रुपमा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि तोकिएको कर्मचारीको जिम्मामा नगद रकम रु. १००००। सम्मको साना नगदीकोष अटुट रुपमा सञ्चालन गरिनेछ ।यो कोष मार्फत पीडित तथा प्रभावितलाई सहयोग आवश्यकताका आधारमा उपलब्ध गराई सकेपछि उक्त रकम राहतकोष मार्फत तत्काल सोधभर्ना लिने व्यवस्था मिलाउनु पर्नेछ ।

(ङ) यसरी प्रदान गरिने राहत तथा आर्थिक सहयोगको रकम पीडित तथा प्रभावितलाई तत्काल उपलब्ध गराउन आवश्यक भएमा समितिको संयोजकले साना नगदी कोष मार्फत उपलब्ध गराउन निर्देशन दिन सक्ने व्यवस्था मिलाइको छ ।यसको वारेमा लगत्तै बस्ने राहत समितिको बैठकमा जानकारी गराई अनुमोदन गराउनु पर्नेछ ।अन्य अवस्थामा समितिको निर्णय पश्चात राहत तथा आर्थिक सहयोग उपलब्ध गराइने छ ।

(च) राहत तथा आर्थिक सहयोगका लागि पीडितले निवेदनका साथमा वडा कार्यालय, प्रहरी कार्यालय, हिंसा पीडितलाई सहयोग गर्ने संस्था, महिला तथा बालबालिका शाखा, मध्ये कुनै एउटाको सिफारिस पेश गर्नु पर्नेछ । यदी प्रभावितको जीविकोपार्जनका लागि विउ पूँजी अनुदानका लागि हो भने वडा कार्यालयको सिफारिस अनिवार्य हुनु पर्नेछ ।

(छ) पीडितलाई सहयोग गर्ने संस्थाले यदि राहत तथा आर्थिक सहयोगका लागि निवेदन दिएको छ भने निवेदनका साथमा प्रहरी वा स्वास्थ्य संस्था वा महिला तथा बालबालिका शाखाले सो घटनामा संस्थाले सहयोग गरेको हो भन्ने सिफारिस पत्र पेश गर्नु पर्नेछ ।

१२. कोषमा रकम थप गर्नेः

(क) बैजनाथ गाउँपालिकाबाट राहतकोषको लागि गाउँ सभाबाट वार्षिकरुपमा कम्तिमा रु. २ लाख रुपैया नघट्ने गरी रकम थप गर्ने व्यवस्था मिलाइने छ ।

(ख) गाउँपालिकाभित्र वा वाहिर रहेका संघसंस्थाहरुसंग राहतकोषमा रकम थप गर्नका लागि आब्हान गरिनेछ ।

(ग) कोषको रकम थप गर्नका लागि अन्य क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

१३. बैठक

(१) राहत समितिको बैठकः

(क) राहत समितिको बैठक प्रत्येक २ महिनाको १ पटक बस्ने छ तर आवश्यक परेमा जुनसुकै समयमा पनि बस्न सकिनेछ । समितिको संयोजकको निर्देशनमा सदस्य सचिवले बैठक आब्हान गर्ने छ ।

(ख) यसरी बैठक बस्दा समितिका सदस्यहरुलाई कम्तिमा ३ दिन अगावै जानकारी गराउनु पर्नेछ तर अति आकस्मिक बैठकको हकमा यो लागु हुने छैन ।

(ग) राहत समितिको बैठकको लागि सामान्य खाजा र गाउँ कार्यपालिकाले निर्धारण गरेको नर्म्स अनुसार बैठक भत्ताको व्यवस्था गरिनेछ । सो वापत लाग्ने रकम सचिवालय रहेको कार्यालय वा गाउँपालिकाले बेहोर्नु पर्नेछ ।

१४. प्रतिवेदनः

(क) राहत समितिको प्रत्येक बैठकमा सो अवधिमा भएका राहत तथा आर्थिक सहयोगको प्रगति विवरण प्रस्तुत गर्नु पर्नेछ ।

(ख) समितिले प्रदान गरेको राहत तथा आर्थिक सहयोगको प्रतिवेदन अर्धवार्षिक र वार्षिकरुपमा तयार गरी गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(ग) समितिले तयार गरेको प्रतिवेदनको बारेमा सरोकारवालाहरुको बिचमा सार्वजनिक गर्ने तथा गाउँपालिकाले प्रकाशित गर्ने प्रतिवेदनहरुमा समावेश गरिनेछ ।

(घ) हिंसा पीडित महिलाहरुलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन गाउपालिकाका अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको अर्थ बार्षिक, बार्षिक प्रतिवेदन संकलन गरी गाउपालिकाको समग्र प्रतिवेदनका लागि बार्षिक बुलेटिन प्रकाशित गर्न सक्नेछ ।

१५. कोषको लेखा परिक्षण : कोषको आय व्ययको विवरण प्रचलित कानून बमोजीम राखिने कोषको लेखा परिक्षण महालेखा परिक्षकले तोकेको परिक्षकबाट हुनेछ ।

१६. कोष आवर्ति ( रिभल्विङ्गब कोष) : यो कोष आवर्ति कोषको रुपमा रहनेछ ।

**१५.** निर्देशिका संशोधनः

यो निर्देशिकाको कुनै नियम, उपनियमहरु परिमार्जन गर्नुपरेमा वा थप घट गर्नुपरेमा समितिको पूर्ण बैठकले संशोधन प्रस्ताव पेश गरी गाउँ कार्यपालिकाको बैठक वाट स्विकृत गरी लागु गरिनेछ ।

अनुसुचि १

( नियम ११ क सँग सम्बन्धित)

विषय- सहयेग उपलब्ध गराइ पाउँ ।

श्री अध्यक्ष ज्यू,

स्थानीय तत्काल उद्धार तथा राहत समिति बैजनाथ रामपुर बाँके ।

म .................... बैजनाथ गाउँपालिकामा बस्ने .............. वर्ष को मिति ............... मा लैंगिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको कारण म उपर लैंगिक हिंसा भएकोले मेरो मानसिक/शारीरिक/ सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/ कानूनी सहायता एवं परामर्स /उद्धार मनविमर्श स्वरोजगार पुनर्स्थापना/ अन्य कामके लागि सहयेगको आवश्यकता परेको हुँदा स्थानीय लिंगक हिंसा निवारण कोषबाट नियमानुसार सहयेग रकम उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदकको

नाम थर ..................................

ठेगाना .....................................

दस्तखत ................................

मिति .....................................

.................................................................................................................

आज्ञाले,

दान बहादुर ऐडी

प्रमुख प्रशासकीय अधिकृत

मुद्रण : मिशन प्रिन्टीङ प्रेस, कोहलपुर बाँके, मूल्य रु. ५/-

घरेलु दर्ता नं. ११९/४६१४/२०७०/२०७१